# गाउँपालिका अध्यक्ष श्री अज बहादुर शाही ज्यूले
# गाउँ सभाको २० औं अधिवेशनमा प्रस्तुत गर्नु भएको

# खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को
# वार्षिक नीति तथा कार्यक्रम

खत्याड गाउँपालिका, मुगु

**खत्याड गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रामतडी, मुगु**

**कर्णाली प्रदेश, नेपाल**

*२०८३ साल असार १० गते*

सभाबाट पारित मितिः २०८३ साल असार १० गते

आदरणीय गाउँसभाका उपाध्यक्षज्यू, सदस्यज्यूहरू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

खत्याड गाउँपालिकाको गाउँसभाको यस गरिमामय २० औं अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त हर्ष र गौरवको अनुभूति भएको छु ।

सर्वप्रथम नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन, जनयुद्ध तथा समावेशी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न कालखण्डमा भएका संघर्षहरू र २०८२ भाद्र २३ र २४ गते भएको नवयुवा (JenZ) आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, अपाङ्गता भएका योद्धा, बेपत्ता परिवार तथा परिवर्तनका अभियन्ताहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधानले निर्देशित गरेको सुशासन, सामाजिक न्याय, समावेशी लोकतन्त्र तथा समाजवादउन्मुख अर्थतन्त्र निर्माणको राष्ट्रिय लक्ष्य र राष्ट्रिय विकासको दीर्घकालीन आकाङ्क्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** लाई आत्मसात गर्दै प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस नीति तथा कार्यक्रमको आधार नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, सोह्रौं पञ्चवर्षीय योजना, नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तथा बजेट, दिगो विकास लक्ष्य तथा खत्याड गाउँपालिकाको आवधिक योजना रहेका छन् ।

नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले आर्थिक सुधार, उत्पादन वृद्धि, उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, उद्यमशीलता विकास, पर्यटन प्रवर्द्धन, डिजिटल सुशासन तथा सेवा प्रवाह सुधारलाई प्राथमिकतामा राखेको छ। त्यसैगरी कर्णाली प्रदेश सरकारले कृषि, पशुपालन, पर्यटन, जलस्रोत संरक्षण, पूर्वाधार विकास, मानव विकास तथा स्थानीय अर्थतन्त्र सुदृढीकरणलाई विकासको प्रमुख आधारका रूपमा अघि बढाएको छ। प्रस्तुत नीति तथा कार्यक्रम संघीय तथा प्रादेशिक सरकारका यिनै प्राथमिकतालाई खत्याड गाउँपालिकाको स्थानीय आवश्यकता, स्रोत-साधन र सम्भावनासँग तादाम्यता कायम गर्दै तयार गरिएको छ ।

खत्याड गाउँपालिका कृषि, पशुपालन, जडीबुटी, जलस्रोत, जैविक विविधता तथा पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र हो। अर्गानिक कृषि उत्पादन, भेडा-बाख्रा पालन, बहुमूल्य जडीबुटी, प्राकृतिक सम्पदा तथा रारा क्षेत्रसँगको भौगोलिक निकटताले खत्याडलाई आर्थिक विकासका महत्वपूर्ण अवसर प्रदान गरेका छन्। तर दुर्गम भौगोलिक अवस्था, सीमित सडक पहुँच, युवा पलायन, न्यून व्यवसायिक उत्पादन, सीमित आन्तरिक आय तथा जलवायु परिवर्तनका असर जस्ता चुनौतीहरू पनि विद्यमान छन् ।

उपलब्ध स्रोत, साधन तथा वित्तीय क्षमताको यथार्थ मूल्याङ्कन गर्दै आगामी आर्थिक वर्षमा उत्पादन वृद्धि, रोजगारी सिर्जना, कृषि तथा पशुपालनको व्यवसायीकरण, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार, खानेपानी तथा सिँचाइ विस्तार, पर्यटन प्रवद्धन, जलस्रोत संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा सुशासन सुदृढीकरणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । विकासलाई केवल भौतिक पूर्वाधार निर्माणमा सीमित नराखी उत्पादन, आयआर्जन, मानव विकास तथा सेवा प्रवाह सुधारसँग जोडिनेछ ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

सभाका सदस्य ज्यूहरु,

आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका संवैधानिक, कानुनी, नीतिगत तथा योजनागत आधारहरू अवलम्बन गरिएको छः

क. नेपालको संविधान, २०७२

ख. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरू

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ. गाउँपालिकाले समयसापेक्ष आवश्यक ठानेका अन्य विषयहरू।

उपर्युक्त संवैधानिक, कानुनी, नीतिगत तथा योजनागत आधारहरूलाई आत्मसात गर्दै आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**सभाका सदस्य ज्यूहरु,**

म आर्थिक वर्ष २०८२/८३ को समीक्षा, उपलब्धि तथा सिकाइ प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आर्थिक वर्ष २०८२/८३ को समीक्षा, उपलब्धि तथा सिकाइ**

आर्थिक वर्ष २०८२/८३ खत्याड गाउँपालिकाका लागि उपलब्धि, चुनौती र सिकाइको वर्षका रूपमा रह्यो । सीमित स्रोतसाधन, दुर्गम भौगोलिक अवस्था, बढ्दो विकास आवश्यकता तथा जलवायु परिवर्तनका असरका बीच गाउँपालिकाले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण संरक्षण तथा सुशासनका क्षेत्रमा विभिन्न कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गरेको छ ।

संघीय सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र, सहकारी संस्था तथा स्थानीय समुदायको सहकार्यमा गाउँपालिकाले आधारभूत सेवा प्रवाह, विकास निर्माण तथा सामाजिक रूपान्तरणका क्षेत्रमा महत्वपूर्ण प्रयास गरेको छ। तथापि उपलब्ध स्रोत र आवश्यकताबीचको अन्तरका कारण अपेक्षित विकास उपलब्धि हासिल गर्न अझ थप प्रयास आवश्यक रहेको छ ।

गत आर्थिक वर्षमा गाउँपालिकाले कृषि तथा पशुपालन, शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ, सडक, सामाजिक सुरक्षा, महिला तथा युवा विकास, वातावरण संरक्षण तथा सुशासन प्रवद्धनलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको थियो। नागरिकको आधारभूत आवश्यकता सम्बोधन, सेवा प्रवाह सुधार तथा विकास पूर्वाधार विस्तारमा विशेष जोड दिइएको थियो ।

विकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने क्रममा स्थानीय स्रोत र साधनको परिचालन, संघीय तथा प्रादेशिक सरकारसँगको समन्वय तथा नागरिक सहभागितालाई प्राथमिकता दिइएको थियो। तथापि वित्तीय स्रोतको सीमितता, प्राविधिक जनशक्तिको अभाव तथा दुर्गम भूगोलका कारण केही क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न चुनौती रहेको थियो ।

**प्रमुख उपलब्धिहरू**

- यस गाउँपालिकाको प्रशासनिक भवन १० महिनाभित्र निर्माण सम्पन्न गराई सक्ने गरी निर्माण कार्यलाई अघि बढाईएको छ ।
- माझघट्ट-रारा सम्म सडक पुहँच विस्तारका गराउने कार्य अन्तर्गत हाल बाउँपानीसम्म सडक निर्माण कार्य भईरहेको छ।
- यस गाउँपालिकाको दश सैया अस्पताल निर्माणको कार्य करिव ५० प्रतिशत भौतिक प्रगति भएको छ।
- स्थानीय सडक सदा सञ्चालनमा हुने गरी खत्याड खोलामा बेलिब्रिज, कल्भड, स्ल्याप निर्माण कार्य भईरहेको छ ।
- कृषि तथा पशुपालन क्षेत्रमा कृषक प्रोत्साहन, उन्नत बीउबिजन वितरण, फलफूल तथा नगदेबाली प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा पशुधन संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएका छन् । कृषि उत्पादन वृद्धि तथा पशुपालन व्यवसायलाई आयआर्जनसँग जोड्ने प्रयास गरिएको छ ।

- शिक्षा क्षेत्रमा विद्यालय व्यवस्थापन सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि, छात्रवृत्ति वितरण तथा विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यक्रम सञ्चालन गरिएका छन्। स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार, खोप कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थाको सुदृढीकरणमा ध्यान केन्द्रित गरिएको छ ।
- सडक, खानेपानी, सिँचाइ तथा सार्वजनिक पूर्वाधार निर्माण तथा मर्मतसम्भारका कार्यहरू सञ्चालन गरिएका छन् । विभिन्न बस्ती तथा वडाहरूमा आधारभूत पूर्वाधार विस्तार गरी नागरिकको सेवा पहुँच सुधार गर्ने प्रयास गरिएको छ।
- महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक तथा विपन्न समुदाय लक्षित कार्यक्रममार्फत सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षालाई थप सुदृढ बनाउने प्रयास गरिएको छ ।
- आर्थिक वर्ष २०८२/८३ मा नागरिकलाई सहज, छिटो र पहुँचयोग्य सेवा उपलब्ध गराउने उद्देश्यले मालपोत, नापी तथा इलाका प्रशासन कार्यालय स्थापना भई सञ्चालनमा आएका छन्। यसबाट जग्गा प्रशासन, नापजाँच तथा प्रशासनिक सेवाका लागि जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता न्यूनीकरण भएको छ र स्थानीय नागरिकलाई सेवा प्राप्तिमा सहजता पुगेको छ।

**प्रमुख चुनौतीहरू**

- उल्लेखनीय उपलब्धिका बाबजुद गाउँपालिकाले निम्न चुनौतीहरूको सामना गरिरहेको छः
- कृषि तथा पशुपालनको न्यून व्यवसायीकरण ।
- उत्पादन र बजारबीचको कमजोर सम्बन्ध ।
- युवा जनशक्तिको वैदेशिक तथा आन्तरिक पलायन ।
- सीमित आन्तरिक आय तथा वित्तीय स्रोत ।
- दुर्गम भूगोल र यातायात पहुँचको समस्या ।
- जलवायु परिवर्तनका कारण पानीका मुहान तथा कृषि प्रणालीमा परेको असर ।
- दक्ष प्राविधिक जनशक्ति तथा संस्थागत क्षमताको अभाव ।
- संघीय तथा प्रादेशिक अनुदानमा उच्च निर्भरता ।

**सिकाइ तथा अनुभव**

गत आर्थिक वर्षका अनुभवहरूले विकासका कार्यक्रमहरूलाई प्रत्यक्ष उत्पादन, आयआर्जन तथा रोजगारीसँग जोड्नुपर्ने आवश्यकता स्पष्ट पारेका छन्। नयाँ आयोजना थप्नेभन्दा सञ्चालनमा रहेका तथा अधुरा आयोजनाहरू समयमै सम्पन्न गर्नु बढी प्रभावकारी हुने देखिएको छ ।

कृषि, पशुपालन, पर्यटन, जडीबुटी तथा स्थानीय उत्पादनमा आधारित कार्यक्रमहरूले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन सक्ने सम्भावना देखिएको छ। त्यसैगरी जलस्रोत तथा मुहान संरक्षणलाई विकास प्रक्रियाको अभिन्न अंगका रूपमा अघि बढाउनुपर्ने आवश्यकता महसुस भएको छ ।

पारदर्शिता, जवाफदेहिता, वित्तीय अनुशासन तथा नागरिक सहभागिताले सेवा प्रवाहप्रति नागरिकको विश्वास अभिवृद्धि हुने अनुभव प्राप्त भएको छ ।

**सभाका सदस्य ज्यूहरु,**

म आगामी वर्षका लागि मार्गदर्शनहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आगामी वर्षका लागि मार्गदर्शन**

आर्थिक वर्ष २०८२/८३ का उपलब्धि, चुनौती तथा सिकाइका आधारमा आर्थिक वर्ष २०८३/८४ मा गाउँपालिकाले उत्पादन वृद्धि, रोजगारी सिर्जना, कृषि तथा पशुपालनको व्यवसायीकरण, शिक्षा तथा स्वास्थ्य

सेवाको गुणस्तर सुधार, खानेपानी तथा सिँचाइ विस्तार, पर्यटन प्रवर्द्धन, जलस्रोत तथा मुहान संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा सुशासन सुदृढीकरणलाई विकासको प्रमुख आधार बनाइनेछ ।

सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै विकासलाई प्रत्यक्ष उत्पादन, आयआर्जन तथा नागरिकको जीवनस्तर सुधारसँग जोडिनेछ। संघीय सरकारको उत्पादन तथा रोजगारी केन्द्रित नीति, कर्णाली प्रदेश सरकारको कृषि तथा मानव विकास प्राथमिकता तथा खत्याड गाउँपालिकाको स्थानीय आवश्यकताबीच समन्वय कायम गर्दै आगामी वर्षका कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

खत्याड गाउँपालिका प्राकृतिक स्रोत, कृषि, पशुपालन, जलस्रोत, जडीबुटी, जैविक विविधता तथा सांस्कृतिक सम्पदाले सम्पन्न स्थानीय तह हो। दुर्गम भौगोलिक अवस्थाका बाबजुद गाउँपालिकामा आर्थिक तथा सामाजिक विकासका प्रशस्त सम्भावनाहरू रहेका छन्। उपलब्ध स्रोत, साधन तथा अवसरहरूको उचित उपयोगमार्फत गाउँपालिकालाई उत्पादनशील, आत्मनिर्भर र समृद्ध स्थानीय अर्थतन्त्रका रूपमा विकास गर्न सकिने आधारहरू विद्यमान छन् ।

**आर्थिक वर्ष २०८३/८४ मा निम्न क्षेत्रलाई रणनीतिक प्राथमिकताका रूपमा अगाडि बढाइनेछः**

**क. उत्पादन तथा उत्पादकत्व वृद्धि**

कृषि, पशुपालन, फलफूल, जडीबुटी तथा स्थानीय उत्पादनको व्यवसायीकरणमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गरिनेछ ।

**ख. रोजगारी तथा उद्यमशीलता प्रवर्द्धन**

युवा जनशक्तिलाई उत्पादन, उद्यमशीलता, सीप विकास तथा स्वरोजगारसँग आबद्ध गरिनेछ ।

**ग. गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा**

शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार गरी नागरिकको पहुँच र सहभागिता अभिवृद्धि गरिनेछ ।

**घ. पूर्वाधार विकास**

सडक, खानेपानी, सिँचाइ, ऊर्जा तथा सार्वजनिक पूर्वाधारको विकासलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

**ङ. जलस्रोत, वातावरण तथा विपद् व्यवस्थापन**

मुहान संरक्षण, जलस्रोत व्यवस्थापन, वातावरणीय सन्तुलन तथा विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियासँग आबद्ध गरिनेछ ।

**च. पर्यटन तथा स्थानीय अर्थतन्त्र प्रवर्द्धन**

पर्यटन, स्थानीय उत्पादन, सहकारी तथा लघु उद्यममार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाइनेछ ।

**छ. सुशासन तथा संस्थागत विकास**

सेवा प्रवाह सुधार, वित्तीय अनुशासन, डिजिटल प्रविधिको उपयोग तथा संस्थागत क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखिनेछ ।

गाउँ सभाका उपाध्यक्ष एवम सभाका सदस्य ज्यू,

म अब आगामी आर्थिक वर्ष २०८३/८४ का क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

**१. आर्थिक विकास**

स्थानीय अर्थतन्त्रको सुदृढीकरण, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा आयआर्जन अभिवृद्धि आर्थिक वर्ष २०८३/८४ को प्रमुख प्राथमिकता हुनेछ। नेपाल सरकारको उत्पादन तथा रोजगारी केन्द्रित नीति, कर्णाली प्रदेश सरकारको कृषि तथा उद्यमशीलता प्रवर्द्धन नीति तथा खत्याड गाउँपालिकाको स्थानीय सम्भावनालाई आधार मानी आर्थिक विकासका कार्यक्रम सञ्चालन गरिनेछन् ।

**क. कृषि विकास**

कृषिलाई निर्वाहमुखी प्रणालीबाट व्यवसायिक तथा बजारमुखी प्रणालीतर्फ रूपान्तरण गरिनेछ । कृषि उत्पादन वृद्धि, उत्पादकत्व अभिवृद्धि तथा कृषकको आयस्तर सुधार गर्न निम्न नीति अवलम्बन गरिनेछः

- खत्याड गाउँपालिकालाई टिमुर खेती र टिमुर उत्पादनको हबका रुपमा विकास गर्न प्राथमिकता दिइनेछ ।
- स्याउ, ओखर, आलु, सिमी, फापर, कोदो, जौ तथा अन्य रैथाने बालीको उत्पादन तथा विस्तारलाई प्रोत्साहन गरिनेछ ।
- बाँझो तथा उपयोगविहीन जमिनलाई उत्पादनसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि यान्त्रिकीकरण तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- कृषि समूह, सहकारी तथा व्यवसायिक कृषकलाई उत्पादनमुखी कार्यक्रममार्फत सहयोग गरिनेछ ।
- कृषि उपजको भण्डारण, संकलन तथा बजारीकरणमा सहजीकरण गरिनेछ ।
- अर्गानिक कृषि उत्पादन तथा स्थानीय रैथाने बाली संरक्षणलाई प्रोत्साहन गरिनेछ ।

**ख. पशुपालन विकास**

- पशुपालन क्षेत्रलाई स्थानीय आयआर्जन तथा रोजगारीको प्रमुख आधारका रूपमा विकास गरिनेछ ।
- भेडा, बाख्रा, गाई तथा भैंसीपालनलाई व्यवसायिक रूपमा प्रवर्द्धन गरिनेछ ।
- पशु स्वास्थ्य सेवा तथा खोप कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- उन्नत जात सुधार तथा पशुधन विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- घाँसेबाली विकास तथा पशु आहार व्यवस्थापनमा सहयोग गरिनेछ ।
- दुग्ध तथा मासु उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपालनमा युवा तथा उद्यमी कृषकलाई प्रोत्साहन गरिनेछ ।

**ग. सहकारी तथा वित्तीय पहुँच**

- उत्पादन, बचत तथा उद्यमशीलतामा सहकारी क्षेत्रको भूमिका अभिवृद्धि गरिनेछ ।
- सहकारी संस्थालाई उत्पादन तथा उद्यमशीलतामुखी बनाइनेछ ।
- वित्तीय साक्षरता तथा बचत संस्कृतिको विकास गरिनेछ ।
- कृषि तथा साना उद्यममा सहकारीमार्फत लगानी विस्तार गर्न प्रोत्साहन गरिनेछ ।
- सहकारीको सुशासन तथा क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

**घ. उद्यमशीलता तथा रोजगार प्रवर्द्धन**

- स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगार सिर्जनालाई प्राथमिकता दिइनेछ ।
- युवा लक्षित सीप विकास तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय स्रोतमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप तथा पूँजीलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गरिनेछ ।
- महिला तथा युवालाई उद्यम विकास कार्यक्रममा प्राथमिकता दिइनेछ ।
- श्रम, सीप र उत्पादनलाई जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**ङ. पर्यटन विकास**

- खत्याड गाउँपालिकालाई पर्यटनमैत्री क्षेत्रका रूपमा विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ
- धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

- रारा क्षेत्रसँग जोडिएका पर्यटन सम्भावनाको उपयोग गरिनेछ।
- सामुदायिक होमस्टे तथा ग्रामीण पर्यटनलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण गरिनेछ।
- पर्यटन पूर्वाधार विकासका लागि आवश्यक पहल गरिनेछ ।

**च. जडीबुटी तथा वनजन्य उद्यम**

- स्थानीय रूपमा उपलब्ध जडीबुटी तथा वनजन्य स्रोतहरूको दिगो उपयोगलाई प्राथमिकता दिइनेछ ।
- जडीबुटी संरक्षण, उत्पादन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- मूल्य अभिवृद्धि तथा बजारीकरणमा सहजीकरण गरिनेछ ।
- वनजन्य उत्पादनमा आधारित आयआर्जन तथा उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वनमार्फत उत्पादन र संरक्षणबीच सन्तुलन कायम गरिनेछ ।

**छ. स्थानीय अर्थतन्त्र सुदृढीकरण**

- गाउँपालिकाको आर्थिक विकासलाई उत्पादन, रोजगार र उद्यमशीलतासँग आबद्ध गरिनेछ ।
- स्थानीय उत्पादनको प्रयोग र प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक खरिदमा स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।
- कृषि, पशुपालन, पर्यटन तथा उद्यमशीलताबीच अन्तरसम्बन्ध स्थापित गरिनेछ ।
- स्थानीय स्रोत र साधनमा आधारित आत्मनिर्भर अर्थतन्त्र निर्माणका कार्यक्रम सञ्चालन गरिनेछन् ।

**२. सामाजिक विकास**

मानव विकास नै समृद्ध समाज निर्माणको आधार हो। शिक्षित, स्वस्थ, सक्षम तथा आत्मनिर्भर नागरिकबिना दिगो विकास सम्भव छैन। त्यसैले आर्थिक वर्ष २०८३/८४ मा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, महिला सशक्तीकरण, युवा विकास, खेलकुद, संस्कृति संरक्षण तथा सामाजिक समावेशीकरणलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

**क. शिक्षा**

- सामुदायिक विद्यालयलाई **"जहाँ विद्यार्थी त्यहाँ शिक्षक"** अभियानलाई प्रभावकारी बनाउन विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक तथा कर्मचारी दरवन्दी मिलान, तह तथा कक्षा मिलान, विद्यालयलाई समायोजन र कक्षा घटाउने नीतिलाई निरन्तरता दिईनेछ।
- गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी तथा रोजगारमुखी शिक्षाको विकास गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारलाई प्राथमिकता दिइनेछ ।
- नतिजाका आधारमा उत्कृष्ट विद्यालय, विद्यार्थी र विषय शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई उचित सम्मानको व्यवस्था गरिनेछ ।
- विद्यालयमा नियमित अनुगमन तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय छोड्ने तथा कक्षा दोहोर्‍याउने दर न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ
- सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रक्रियालाई प्रवर्द्धन गर्न प्रत्येक माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरिनेछ ।
- विद्यालय, अभिभावक तथा समुदायबीचको सहकार्यलाई सुदृढ गरिनेछ ।
- प्राविधिक तथा सीपमूलक शिक्षालाई प्रोत्साहन गरिनेछ ।
- विपन्न, दलित, जनजाति, अपाङ्गता भएका तथा पिछडिएका वर्गका विद्यार्थीलाई शिक्षामा पहुँच विस्तार गरिनेछ।
- विद्यालयमा पठन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ ।

**ख. स्वास्थ्य**

- सबै नागरिकलाई गुणस्तरीय तथा पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ
- आधारभूत स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर सुधार गरिनेछ ।
- मातृ तथा शिशु स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- खोप कार्यक्रमलाई पूर्ण तथा नियमित बनाइनेछ ।
- पोषण सुधार तथा जनस्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थामा आवश्यक औषधि तथा उपकरणको उपलब्धता सुनिश्चितता गरिनेछ।
- दुर्गम बस्तीमा घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।
- दलित, जेष्ठ नागरिक र एकल महिला स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मानसिक स्वास्थ्य तथा आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ

**ग. खानेपानी तथा सरसफाइ**

- स्वच्छ खानेपानी तथा सरसफाइलाई नागरिकको आधारभूत अधिकारका रूपमा सुनिश्चितता गरिनेछ
- सुरक्षित खानेपानी सेवाको पहुँच विस्तार गरिनेछ ।
- खानेपानी मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- खानेपानी योजनाको मर्मत तथा दिगो व्यवस्थापनमा जोड दिइनेछ।
- सरसफाइ तथा स्वच्छता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय तथा सार्वजनिक स्थानमा सरसफाइ प्रवर्द्धन गरिनेछ ।

**घ. महिला सशक्तीकरण तथा लैङ्गिक समानता**

- महिलाको आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणलाई प्राथमिकता दिइनेछ ।
- उपाध्यक्षसँग महिला कार्यक्रम अन्तर्गत कृषि उत्पादन, आय आर्जन, सीप बिकासका लागि बिपन्न तथा एकल महिलालाई बिभिन्न किसिमका तालिमको व्यवस्था गरि आत्मनिर्भर गराईने नीति लिइनेछ।
- महिला समूह तथा सहकारीको क्षमता अभिवृद्धि गरिनेछ ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा तथा विभेदविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- निर्णय प्रक्रियामा महिलाको सहभागिता अभिवृद्धि गरिनेछ ।
- विपन्न तथा एकल महिलालाई लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

**ङ. युवा तथा खेलकुद**

- युवालाई विकासको साझेदार तथा परिवर्तनको संवाहकका रूपमा स्थापित गरिनेछ ।
- युवा लक्षित सीप विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेलकुद गतिविधि तथा प्रतियोगितालाई प्रोत्साहन गरिनेछ।
- लागू पदार्थ दुव्र्यसन तथा सामाजिक विकृतिविरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा क्लब तथा सामुदायिक संस्थाको क्षमता अभिवृद्धि गरिनेछ ।
- खेल मैदान तथा खेलकुद पूर्वाधार विकासमा सहयोग गरिनेछ ।
- प्रतिभावान युवा तथा खेलाडीलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

**च. बालबालिका तथा ज्येष्ठ नागरिक**

- बाल अधिकार तथा ज्येष्ठ नागरिकको सम्मानपूर्ण जीवन सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रवर्द्धन गरिनेछ ।

- बाल संरक्षण तथा बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- बालविवाह, बालश्रम तथा बाल हिंसाविरुद्ध अभियान सञ्चालन गरिनेछ ।

**छ. सामाजिक समावेशीकरण**

- जनयुद्ध तथा सबै प्रकारका ऐतिहासिक जनआन्दोलनमा सहिद र घाईते भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- समाजका सबै वर्ग, क्षेत्र तथा समुदायलाई विकासको मूल प्रवाहमा समेटिनेछ ।
- दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तीकरणमा जोड दिइनेछ ।
- लक्षित वर्गका लागि क्षमता विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक न्याय तथा समान अवसर सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गतामैत्री सार्वजनिक सेवा तथा संरचना विकासमा जोड दिइनेछ

**ज. कला, संस्कृति तथा सम्पदा संरक्षण**

- स्थानीय कला, संस्कृति, भाषा, परम्परा तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षणमा सहयोग गरिनेछ ।
- धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।
- मौलिक संस्कृति तथा परम्पराको पुस्तान्तरणमा जोड दिइनेछ ।
- सांस्कृतिक पर्यटन प्रवर्द्धनमा आवश्यक पहल गरिनेछ ।
- सामाजिक विकासका कार्यक्रम मार्फत शिक्षित, स्वस्थ, समावेशी, सक्षम तथा आत्मनिर्भर समाज निर्माणमा योगदान पुऱ्याइनेछ ।

**३. पूर्वाधार विकास**

दिगो आर्थिक तथा सामाजिक विकासका लागि गुणस्तरीय पूर्वाधार विकास अपरिहार्य छ। खत्याड गाउँपालिकाको भौगोलिक विकटता, छरिएर रहेका बस्तीहरू तथा सीमित पहुँचलाई दृष्टिगत गर्दै आर्थिक वर्ष २०८३/८४ मा सडक, सिँचाइ, खानेपानी, ऊर्जा, सञ्चार तथा सार्वजनिक पूर्वाधार विकासलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै नयाँ आयोजनाभन्दा सञ्चालनमा रहेका तथा अधुरा आयोजनाको सम्पन्नतामा विशेष जोड दिइनेछ ।

**क. सडक तथा यातायात पूर्वाधार**

- विगत तथा चालू आर्थिक वर्षमा अधुरो रहेका पूर्वाधार विकाससँग सम्बन्धित आयोजना आगामी आर्थिक वर्ष २०८३/८४ मा नै सम्पन्न गर्ने नीति लिईनेछ ।
- गाउँपालिकाभित्रको सडक सञ्जाललाई क्रमिक रूपमा स्तरोन्नति गर्दै नागरिकको आवागमन तथा आर्थिक गतिविधिलाई सहज बनाइनेछ।
- गाउँपालिका केन्द्र, वडा केन्द्र तथा प्रमुख बस्ती जोड्ने सडकहरूको स्तरोन्नति गरिनेछ ।
- नियमित सडक मर्मत तथा संरक्षणलाई प्राथमिकता दिइनेछ ।
- वर्षायाममा अवरुद्ध हुने सडकहरूको सुधार तथा व्यवस्थापन गरिनेछ ।
- कृषि उत्पादन तथा बजार पहुँचलाई सहज बनाउने सडक पूर्वाधारलाई प्राथमिकता दिइनेछ ।
- सडक निर्माणमा वातावरणीय सन्तुलन तथा दिगोपनामा ध्यान दिइनेछ ।

**ख. पुल तथा झोलुङ्गे पुल**

- नदी तथा खोलाले प्रभावित क्षेत्रहरूमा आवागमन सहज बनाउन आवश्यक पुल तथा झोलुङ्गे पुल निर्माण तथा मर्मतका लागि पहल गरिनेछ ।

खत्याड गाउँपालिका, मुगु

- सञ्चालनमा रहेका पुल आयोजनाहरू सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।
- संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पुल निर्माणका लागि पहल गरिनेछ।

**ग. सिँचाइ विकास**

- कृषि उत्पादन वृद्धि तथा खाद्य सुरक्षाका लागि सिँचाइ पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।
- परम्परागत कुलो तथा सिँचाइ संरचनाको संरक्षण तथा मर्मत गरिनेछ ।
- पानीका स्रोतको दिगो उपयोग तथा व्यवस्थापनमा जोड दिइनेछ ।
- उत्पादनमुखी कृषि क्षेत्रलाई सिँचाइ सुविधासँग जोडिनेछ ।

**घ. ऊर्जा तथा विद्युतीकरण**

- खत्याड खोला विराबगर सेरा (५०० किलोवाट) मिनि जलविद्युत परियोजनाबाट उत्पादित विद्युतको पहुँच सवै टोल बस्तीमा विस्तार गरिनेछ ।
- सार्वजनिक सेवा तथा सामुदायिक संरचनाहरूमा नवीकरणीय ऊर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ

**ङ. सूचना तथा सञ्चार**

- सूचना प्रविधिको विकास तथा डिजिटल पहुँच विस्तारलाई प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई क्रमशः प्रविधिमैत्री बनाइनेछ ।
- इन्टरनेट तथा सञ्चार सेवाको पहुँच विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ
- डिजिटल साक्षरता तथा सूचना प्रविधिको उपयोगलाई प्रोत्साहन गरिनेछ ।
- सूचना प्रविधिमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

**च. सार्वजनिक भवन तथा सम्पत्ति व्यवस्थापन**

- सार्वजनिक सम्पत्तिको संरक्षण, उपयोग तथा व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालय भवनहरूको आवश्यक स्तरोन्नति गरिनेछ ।
- स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सार्वजनिक संरचनाको संरक्षण तथा मर्मत गरिनेछ ।
- सार्वजनिक सम्पत्तिको अभिलेखीकरण तथा व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।
- निर्माण सम्पन्न भएका संरचनाको नियमित मर्मत तथा संरक्षणमा जोड दिइनेछ ।

**छ. एकीकृत बस्ती तथा पूर्वाधार विकास**

- विकास पूर्वाधारलाई नागरिकको आवश्यकता तथा स्थानीय सम्भावनासँग आबद्ध गरिनेछ ।
- बस्ती विकास तथा आधारभूत सेवाको पहुँच विस्तारमा जोड दिइनेछ ।
- खानेपानी, सडक, शिक्षा तथा स्वास्थ्य पूर्वाधारबीच समन्वित विकासको अवधारणा अवलम्बन गरिनेछ
- विपद् जोखिमयुक्त क्षेत्रको पहिचान गरी सुरक्षित बस्ती विकासमा आवश्यक पहल गरिनेछ।
- पूर्वाधार विकाससम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनमार्फत उत्पादन, सेवा प्रवाह, बजार पहुँच तथा नागरिकको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याइनेछ ।

**४. वन, वातावरण, जलस्रोत तथा विपद् व्यवस्थापन**

वन, वातावरण तथा जलस्रोत मानव जीवन, कृषि उत्पादन तथा समग्र विकासका आधारभूत सम्पत्ति हुन । जलवायु परिवर्तन, प्राकृतिक स्रोतको बढ्दो दोहन तथा प्राकृतिक विपद्का कारण वातावरणीय सन्तुलनमा चुनौती उत्पन्न भइरहेको वर्तमान अवस्थामा प्राकृतिक स्रोतको संरक्षण, दिगो उपयोग तथा विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियासँग आबद्ध गरिनेछ ।

**क. वन तथा जैविक विविधता संरक्षण**

- वन क्षेत्रको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगमार्फत वातावरणीय सन्तुलन कायम गरिनेछ ।
- सामुदायिक वन, कबुलियती वन तथा अन्य वन क्षेत्रको संरक्षण र व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ

- वन डढेलो नियन्त्रण तथा रोकथामका कार्यक्रम सञ्चालन गरिनेछ ।
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन अभियान सञ्चालन गरिनेछ ।
- जैविक विविधता तथा वन्यजन्तु संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- वनजन्य स्रोतको दिगो उपयोग तथा व्यवस्थापनमा जोड दिइनेछ ।

**ख. जडीबुटी संरक्षण तथा प्रवर्द्धन**

- खत्याड गाउँपालिकामा पाइने बहुमूल्य जडीबुटीहरूको संरक्षण तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ
- जडीबुटीको पहिचान, संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- जडीबुटी खेती तथा व्यवसायिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- जडीबुटीको प्रशोधन तथा मूल्य अभिवृद्धिका लागि आवश्यक पहल गरिनेछ ।
- स्थानीय समुदायको सहभागितामा जडीबुटी स्रोतको दिगो उपयोग सुनिश्चित गरिनेछ ।

**ग. जलस्रोत तथा मुहान संरक्षण**

- खानेपानी, सिँचाइ तथा वातावरणीय सन्तुलनका लागि जलस्रोत संरक्षणलाई उच्च प्राथमिकता दिइनेछ
- खानेपानीका मुहान तथा जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- मुहान पुनर्भरण तथा जलस्रोत संरक्षण अभियान सञ्चालन गरिनेछ ।
- जलस्रोतको दिगो उपयोग तथा व्यवस्थापनमा जोड दिइनेछ ।
- सुक्दै गएका मुहानहरूको संरक्षण तथा पुनर्जीवनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ
- जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि स्थानीय अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. वातावरण संरक्षण तथा जलवायु अनुकूलन**

- वातावरणीय सन्तुलन कायम गर्दै दिगो विकासलाई प्रवर्द्धन गरिनेछ ।
- वातावरणमैत्री विकास पद्धतिलाई प्रोत्साहन गरिनेछ ।
- प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तनका प्रभावबारे जनचेतना अभिवृद्धि गरिनेछ ।
- जलवायु परिवर्तन अनुकूल स्थानीय प्रविधि तथा अभ्यासलाई प्रोत्साहन गरिनेछ।
- हरित विकास तथा वातावरण संरक्षणमा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ ।

**ङ. फोहोरमैला व्यवस्थापन तथा सरसफाइ**

- स्वच्छ, स्वस्थ तथा वातावरणमैत्री समाज निर्माणका लागि फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।
- फोहोरको वर्गीकरण, संकलन तथा व्यवस्थापन प्रणालीलाई क्रमशः विकास गरिनेछ ।
- सार्वजनिक स्थल तथा बस्ती सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- विद्यालय तथा समुदायस्तरमा वातावरण तथा सरसफाइसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- प्लास्टिक तथा अन्य प्रदूषण न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछन् ।

**च. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन**

- प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुने क्षति न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य प्रणालीलाई सुदृढ बनाइनेछ ।
- गाउँपालिका विपद् व्यवस्थापन योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- बाढी, पहिरो, आगलागी, हिमपात तथा अन्य प्राकृतिक विपद्को जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

- विपद् पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापन क्षमताको विकास गरिनेछ ।
- जोखिमयुक्त क्षेत्रहरूको पहिचान तथा अभिलेखीकरण गरिनेछ ।
- विपद् व्यवस्थापनमा समुदाय, सुरक्षा निकाय तथा सरोकारवाला निकायबीच समन्वय सुदृढ गरिनेछ ।

**छ. दिगो विकास र प्राकृतिक स्रोत व्यवस्थापन**

- प्राकृतिक स्रोतहरूको संरक्षण र उपयोगबीच सन्तुलन कायम गर्दै भावी पुस्ताका लागि स्रोतहरूको दिगोपना सुनिश्चित गरिनेछ ।
- प्राकृतिक स्रोतको संरक्षणलाई विकास कार्यक्रमसँग आबद्ध गरिनेछ।
- स्थानीय समुदायको सहभागितामा स्रोत व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ ।
- वातावरणीय प्रभाव न्यूनीकरण तथा दिगो विकासका सिद्धान्तलाई अवलम्बन गरिनेछ।
- वन, वातावरण, जलस्रोत तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत प्राकृतिक स्रोतको संरक्षण, वातावरणीय सन्तुलन, जलस्रोत सुरक्षा तथा दिगो विकासका आधारहरू सुदृढ गरिनेछन् ।

**५. सुशासन, संस्थागत विकास तथा वित्तीय व्यवस्थापन**

सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारी सेवा प्रवाह लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत तत्व हुन्। संविधानले परिकल्पना गरेको जनमुखी, उत्तरदायी तथा परिणाममुखी स्थानीय शासन व्यवस्थालाई सुदृढ गर्दै नागरिकको विश्वास अभिवृद्धि गर्न सुशासन तथा संस्थागत विकासलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

**क. सुशासन तथा सेवा प्रवाह**

- नागरिकमैत्री, सरल, सहज, पारदर्शी तथा प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गरिनेछ ।
- सार्वजनिक सेवामा नागरिकको सहज पहुँच विस्तार गरिनेछ ।
- सेवा प्रवाहलाई छिटो, सरल तथा प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक लेखापरीक्षणलाई नियमित गरिनेछ।
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सेवा प्रवाहमा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गरिनेछ ।
- नागरिकलाई घरदैलोमै प्रभावकारी सेवा उपलब्ध गराउन स्थापना भएका मालपोत, नापी तथा इलाका प्रशासन कार्यालयसँग आवश्यक समन्वय तथा सहकार्य गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।
- नागरिक सुरक्षा, शान्ति सुव्यवस्था तथा प्रभावकारी प्रशासनिक सेवा प्रवाहका लागि इलाका प्रशासन कार्यालय तथा सुरक्षा निकायसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**ख. संस्थागत क्षमता विकास**

- गाउँपालिकाको संस्थागत तथा प्रशासनिक क्षमतालाई सुदृढ बनाइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- विषयगत शाखाहरूको कार्यसम्पादन क्षमता अभिवृद्धि गरिनेछ ।
- अभिलेख व्यवस्थापन तथा कार्यालय प्रशासनलाई व्यवस्थित बनाइनेछ ।
- योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गरिनेछ ।
- अन्तरपालिका, प्रदेश तथा संघीय निकायसँग समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ ।
- सेवा प्रवाहमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी तथा संस्थालाई प्रोत्साहन गरिनेछ।

- गाउँपालिकामा कार्यरत करार सेवामा कार्यरत रहेका कर्मचारीहरुको खाईपाई आएको पारिश्रमिकमा १० प्रतिशत वृद्धि गर्ने नीति लिईएको छ ।
- गाउँपालिका अन्तर्गत रहेका सामुदायिक बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई संघीय सरकारबाट प्राप्त हुने पारिश्रमिकमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक प्रदान गर्न अपुग रकम यस गाउँपालिकाबाट थप गरिनेछ ।

**ग. डिजिटल सुशासन तथा सूचना प्रविधि**

- सूचना प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- डिजिटल प्रविधिमा आधारित सेवा प्रवाह प्रणाली विस्तार गरिनेछ ।
- विद्युतीय अभिलेख व्यवस्थापनलाई प्रोत्साहन गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको उपयोगमा कर्मचारीको क्षमता विकास गरिनेछ ।
- सार्वजनिक सूचना प्रवाहलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ ।
- डिजिटल माध्यमबाट नागरिकसँगको अन्तरक्रियालाई प्रभावकारी बनाइनेछ ।

**घ. वित्तीय व्यवस्थापन तथा राजस्व परिचालन**

- वित्तीय अनुशासन, पारदर्शिता तथा उत्तरदायित्वलाई सुदृढ बनाइनेछ ।
- उपलब्ध स्रोत तथा साधनको प्रभावकारी परिचालन गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनका सम्भावनाहरूको पहिचान तथा विस्तार गरिनेछ ।
- कर तथा गैरकर राजस्व व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ ।
- खर्च प्रणालीलाई मितव्ययी, पारदर्शी तथा परिणाममुखी बनाइनेछ।
- वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ ।
- आन्तरिक राजस्वका नयाँ सम्भावनाको अध्ययन तथा पहिचान गरिनेछ।

**ङ. बेरुजु फर्छ्यौट तथा आन्तरिक नियन्त्रण**

- आर्थिक सुशासनलाई सुदृढ गर्न बेरुजु न्यूनीकरण तथा फछ्र्यौटमा विशेष जोड दिइनेछ ।
- बेरुजु फछ्र्यौटलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- सार्वजनिक खर्चको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- लेखा तथा वित्तीय व्यवस्थापनलाई थप व्यवस्थित बनाइनेछ ।
- आर्थिक अनुशासन तथा उत्तरदायित्वलाई संस्थागत गरिनेछ ।

**च. योजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन**

- योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चितता गरिनेछ ।
- योजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- परिणाममुखी योजना कार्यान्वयन प्रणाली अवलम्बन गरिनेछ ।
- विकास आयोजनाको गुणस्तर तथा समयबद्धतामा विशेष ध्यान दिइनेछ ।
- नागरिक सहभागितामा आधारित अनुगमन प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- प्राप्त उपलब्धि तथा सिकाइलाई आगामी योजना निर्माणमा उपयोग गरिनेछ ।

**छ. भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धन**

- सुशासन, सदाचार तथा नैतिक प्रशासनलाई प्रवर्द्धन गरिनेछ ।
- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।
- सार्वजनिक पदाधिकारी तथा कर्मचारीमा सदाचार प्रवर्द्धन गरिनेछ ।

- पारदर्शिता तथा जवाफदेहितालाई संस्थागत गरिनेछ ।
- सार्वजनिक स्रोत साधनको दुरुपयोग नियन्त्रणमा विशेष ध्यान दिइनेछ ।
- सुशासन, संस्थागत विकास तथा वित्तीय व्यवस्थापनसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत उत्तरदायी, पारदर्शी, प्रविधिमैत्री तथा जनमुखी स्थानीय शासन प्रणालीको विकास गरिनेछ ।

**सभाका उपाध्यक्ष एवम् सदस्य ज्यूहरु,**

खत्याड गाउँपालिकाको समृद्धि उत्पादन, परिश्रम, सुशासन र सामूहिक प्रयासबाट मात्र सम्भव छ । गाउँपालिकाको उपलब्ध स्रोत, साधन तथा सम्भावनालाई अधिकतम परिचालन गर्दै नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने लक्ष्यका साथ प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गाउँसभा सदस्यज्यूहरू, सम्पूर्ण जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, नागरिक समाज, सहकारी संस्था, निजी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण खत्याडवासी दाजुभाइ तथा दिदीबहिनीहरूको रचनात्मक सहयोग, सुझाव तथा सक्रिय सहभागिता प्राप्त हुने विश्वास व्यक्त गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमले उत्पादन वृद्धि, रोजगारी सिर्जना, सेवा प्रवाह सुधार, सुशासन प्रवर्द्धन तथा समृद्ध खत्याड निर्माणको बलियो आधार तयार गर्ने अपेक्षा गरेको छु ।

संघीय सरकारको उत्पादन, रोजगारी तथा आर्थिक सुधारको नीति, कर्णाली प्रदेश सरकारको कृषि, पर्यटन तथा मानव विकास केन्द्रित प्राथमिकता र खत्याड गाउँपालिकाको स्थानीय आवश्यकता तथा सम्भावनाबीच समन्वय कायम गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको हो ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उत्पादनशील, आत्मनिर्भर, समावेशी तथा सुशासित खत्याड निर्माणको आधार तयार हुने विश्वास लिइएको छ ।

अन्त्यमा, प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमलाई छलफल, सुझाव तथा आवश्यक परिमार्जनसहित अनुमोदन गरिदिनुहुन सम्पूर्ण गाउँसभा सदस्यज्यूहरूमा हार्दिक अनुरोध गर्दछु।

धन्यवाद ।

खत्याड गाउँपालिका, मुगु